उत्तरगया गाउँपालिका

स्थानीय राजपत्र

खण्डः७ संख्याः १३ मितिः २०८०/१०/२५


# भाग-२

उत्तरगया गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# मौसम पूर्वानुमानमा आधारित विपद् पूर्वकार्य कार्यविधि,२०८०

**प्रस्तावनाः** प्रकोपको निगरानीका आधारमा पूर्वानुमान सूचना पाएपछि विपद्जन्य घटना घट्नु अगावै निश्चित

समयावधिमा प्रभावकारीरूपमा विपद् पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरी सम्भावित प्रकोपबाट हुन सक्ने जनधनको क्षतिका साथै विपद् प्रभाव कम गर्न उत्तरगया गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९ को दफा २७ ले दिएको अधिकार बमोजिम गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद—१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मौसम पूर्वानुमानमा आधारित विपद् पूर्वकार्य कार्यविधि, २०८०" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "पूर्वकार्य" वा "अग्रीम प्रतिकार्य" भन्नाले भरपर्दो र आधिकारिक पूर्वानुमान सूचना प्राप्त भएपछि सोही सूचनाका आधारमा विपद्बाट जनधनको क्षति र दैनिक जनजीवनमा पर्न

सक्ने प्रभाव कम गर्न पूर्वनिर्धारित विधि बमोजिम सम्भावित घटना हुनु अगावै गरिने कार्य सम्झनुपर्छ ।

(ख) "अवसर समय" भन्नाले प्रकोपको पूर्वसूचना प्राप्त भएपछि घटना घट्नु अघिसम्मको समयअवधिलाई सम्झनुपर्छ ।

(ग) "आपत्कालीन कार्यसञ्चालन केन्द्र" भन्नाले गाउँपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्र सम्झनुपर्छ । सो शब्दावलीले आपत्कालीन कार्यसञ्चालन केन्द्रको काम गर्ने गाउँपालिकाको सम्बन्धित विषयको शाखा समेतलाई जनाउँछ ।

(घ) "ऐन" भन्नाले गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९ सम्झनुपर्छ ।

(ङ) "जल तथा मौसम विज्ञान विभाग" भन्नाले नेपाल सरकारको जल तथा मौसम विज्ञान विभाग सम्झनुपर्छ । सो शब्दावलीले विभाग अन्तरगतका कार्यालयलाई समेत जनाउँछ ।

(च) "जिल्ला प्रशासन कार्यालय" भन्नाले जिल्ला प्रशासन कार्यालय रसुवा सम्झनुपर्छ । साथै "जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र" भन्नाले जिल्ला प्रशासन कार्यालय रसुवाबाट सञ्चालन भएको आपत्कालीन कार्यसञ्चालन केन्द्र सम्झनुपर्छ ।

(छ) "गाउँपालिका" भन्नाले उत्तरगया गाउँपालिका सम्झनुपर्छ ।

(ज) "निर्देशन" भन्नाले यो कार्यविधिको दफा ८ बमोजिमको लिखित, मौखिक वा सङ्केतकारूपमा दिइने निर्देशन वा सुझाव सम्झनुपर्छ ।

(झ) "पूर्वानुमान" वा "पूर्वानुमान सूचना" भन्नाले अतिवृष्टि, भारि हिमपात, आँधीबेहरी, असिना, शीतलहर, तातो हावाको लहर, खडेरी, बाढी, पहिरो, आगलागी, रोगव्याध, खेतिबालीमा हुनसक्ने रोग किराको प्रकोप वा पशुपक्षीमा हुनसक्ने रोगव्याध लगायतका प्रकोपको पूर्वानुमान वा सो प्रकोपले पार्न सक्ने सम्भावित असरसम्बन्धी अग्रीम जानकारीको सूचना, सो

सम्बन्धी नक्सा वा सङ्केत समेतलाई सम्झनुपर्छ।

(ञ) "प्राधिकरण" भन्नाले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ ।

(ट) "बस्दोबस्ती" भन्नाले विपद् जोखिममा रहेका व्यक्ति, परिवार वा समुदायका साथै निजी तथा सार्वजनिक धनमाललाई सुरक्षित स्थानमा लैजान पहुँच मार्ग, ढुवानी वा यातायातका साधन, आश्रयस्थलमा खानेपानी, खाना, कपडा, शौचालय, स्वास्थ्य सेवा, सुरक्षा लगायतका आधारभुत सेवा सुविधा र पूर्वसूचनाका आधारमा गरिने जोखिम न्यूनीकरण, उद्धार तथा राहतका लागि आवश्यक जनशक्ति, उपकरण र सामग्री तत्काल परिचालन गर्न सकिने गरी तयारी अवस्थामा (standby) राखी व्यवस्थापन गर्ने कार्य सम्झनुपर्छ ।

(ठ) "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना" भन्नाले गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना सम्झनुपर्छ ।

३. <u>**उद्देश्यः**</u> मौसम पूर्वानुमानमा आधारित विपद् पूर्वकार्यको मुख्य उद्देश्य प्रकोप पूर्वसूचना प्रणालीको उपयोग गरी उपलब्ध अवसर समयमा उपयुक्त पूर्वतयारी र अग्रीम प्रतिकार्य गरी सम्भावित विपद्बाट जनधनको रक्षा गर्नु र विपद् प्रभाव कम गर्नु हो ।

## परिच्छेद - २

## प्रकोप तथा विपद् जोखिम विश्लेषण र पूर्वसूचना प्रणाली

४. <u>**प्रकोप तथा विपद् जोखिम विश्लेषणः**</u> (१) उपयुक्त विधि र प्रविधि प्रयोग गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (पहिलो संशोधन, २०७६) बमोजिम गाउँपालिका क्षेत्रमा स्थानीय तथा अन्यत्रबाट उब्जने प्रकोपको विश्लेषण, समुदायको सङ्कटासन्नताको अवस्था विपद् जोखिम लेखाजोखा र नक्शाङ्कन गरी वार्षिकरूपमा अद्यावधिक गर्नुपर्नेछ ।

(२) प्रकोपको सम्मुखता तथा त्यसबाट हानिनोक्सानी हुन सक्ने जोखिमका सूचकको आधारमा समुदाय तथा घरधुरीलाई उच्च जोखिम, मध्यम जोखिम र सामान्य जोखिम समूहमा वर्गीकरण गरी वार्षिकरूपमा अद्यावधिक गर्नुपर्नेछ । पहिरो र भलबाढीको विपद् जोखिममा रहेका समुदायको वर्गीकरण गर्ने सूचकहरू तथा विभिन्न वर्गको जोखिममा रहेको घरधुरीको विवरण सम्बन्धी फारामहरू अनुसूची १ मा दिइएको छ ।

(३) उपदफा (१) र (२) मा गरिए झैं अन्य प्रकोपको हकमा पनि उपयुक्त सूचकहरूको आधारमा समुदाय तथा घरधुरीलाई जोखिम समूहमा वर्गीकरण गर्नुपर्नेछ । साथै वार्षिकरूपमा अद्यावधिक गर्नुपर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम प्राप्त जानकारीलाई गाउँपालिकामा पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गर्न उपयोग गरिनेछ ।

**५. <u>प्रकोपको निगरानीः</u>** (१) गाउँपालिका क्षेत्रमा पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रीम प्रतिकार्यका लागि उपयोगी हुने भारि वर्षा, पहिरो, बाढी लगायतका मौसमजन्य प्रकोपका साथै पूर्वानुमान संभव हुने अन्य प्रकोपको निगरानी देहाय बमोजिम रहेको छः-

(क) गाउँपालिका क्षेत्रमा असर गर्न सक्ने भारि वर्षा, आँधीबेहरी, चट्याङ, असिना, शीतलहर, खडेरी, डढेलो लगायतका मौसमजन्य प्रकोपको निगरानी,

(ख) गाउँपालिका क्षेत्रमा असर गर्न सक्ने त्रिशूली गंगा नदी र यो नदीका सहायक नदी, खोलामा बाढी, पहिरोको निगरानी,

(ग) गाउँपालिका क्षेत्रभित्र पहिरो, खहरे र ढुङ्गा खस्न सक्ने जोखिमको निगरानी, र

(घ) गाउँपालिका क्षेत्रभित्र आगलागी, रोगव्याध, खेतिबालिमा हुनसक्ने रोग किराको प्रकोप वा पशुपक्षीमा हुनसक्ने रोगव्याधी लगायतका प्रकोपको निगरानी।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको निगरानी गरी प्रकोपको तत्कालको अवस्था र पूर्वानुमान जानकारी प्राप्त गर्नको लागि आपत्कालीन कार्यसञ्चालन केन्द्रले सम्बन्धित संघीय निकाय (जल तथा मौसम विज्ञान विभाग, खानि तथा भूगर्भ विभाग, जिल्ला

प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल लगायतका कार्यालयहरू), बागमती प्रदेश सरकारका निकाय, उत्तरगया गाउँपालिका साथै अन्य संघसंस्था र व्यक्तिसँग समन्वय गर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको निगरानी गरी प्रकोपको तत्कालको अवस्था र पूर्वानुमान जानकारी प्राप्त गर्नको लागि आपत्कालीन कार्यसञ्चालन केन्द्रले गाउँपालिका अन्तर्गतका सम्बन्धित विषयका शाखा, वडा, सामुदायिक विपद् व्यवस्थापन समिति परिचालन तथा सुरक्षा निकाय, संघसंस्था र व्यक्तिसँग समन्वय गर्नेछ ।

(४) उपदफा (१) को खण्ड (घ) बमोजिमको निगरानी गरी प्रकोपको तत्कालको अवस्था र पूर्वानुमान जानकारी प्राप्त गर्नको लागि आपत्कालीन कार्यसञ्चालन केन्द्रले सम्बन्धित संघीय निकायसँग (स्वास्थ्य, कृषि, पशुसेवा, वन, जिल्ला प्रशासन कार्यालय, प्राधिकरण लगायत) समन्वय गर्नेछ साथै गाउँपालिका अन्तर्गतका सम्बन्धित विषयका शाखा, वडा, सामुदायिक विपद् व्यवस्थापन समिति परिचालन तथा सुरक्षा निकाय, संघसंस्था र व्यक्तिसँग समन्वय गर्नेछ ।

६. **पूर्वसूचना सञ्चार संयन्त्रः** दफा ५ बमोजिम निगरानी गरी दफा ७ को उपदफा (१) मा उल्लिखित विभिन्न स्रोतबाट प्रकोपको पूर्वानुमान प्राप्त गर्न साथै दफा ८ बमोजिम तयार गरिएको सुझाव तथा निर्देशन सहितको सूचना सम्प्रेषण गर्न अनुसूची २ मा चित्रण गरिए बमोजिमको संस्थागत संयन्त्र परिचालन गरिनेछ ।

७. **पूर्वानुमानको प्राप्तिः** (१) आपत्कालीन कार्यसञ्चालन केन्दमा प्रकोपको पूर्वानुमान देहाय बमोजिमका स्रोतबाट प्राप्त गरिनेछ ।

(क) मौसम तथा मौसमजन्य प्रकोपको पूर्वानुमान जल तथा मौसम विज्ञान विभाग वा सम्बन्धित कार्यालयबाट,

(ख) त्रिशूली गंगा नदीमा माथिल्लो जलाधारमा बाढीको पूर्वानुमान जल तथा मौसम विज्ञान विभाग, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट,

(ग) आगलागी, रोगव्याध, खेतिबालीमा हुनसक्ने रोग किराको प्रकोप वा पशुपक्षीमा हुनसक्ने रोगव्याध लगायतका प्रकोपको पूर्वानुमान सम्बन्धित विषयको

संघीय निकायबाट वा अन्य उपयुक्त स्रोतबाट,

(घ) जिल्ला प्रशासन कार्यालयबाट र

(ङ) प्रकोपको प्रकृति अनुसार स्थानीय निगरानीबाट ।

(२) गाउँपालिकामा देहाय बमोजिमको समयावधि (अवसर-समय) भएको मौसमजन्य प्रकोपको पूर्वानुमान उपलब्ध हुन सक्नेछ ।

(क) ऋतु शुरु हुनुभन्दा करीव एक महिना पहिले उपलब्ध हुने ऋतुगत परिदृष्य पूर्वानुमान (seasonal outlook), (जस्तैः- जल तथा मौसम विज्ञान विभागले सामान्यतया बैशाख महिनामा आगामी बर्खामा समग्र वर्षा र तापक्रम अवस्थाको मोटामोटी अनुमान (मनसुन आउटलुक) उपलब्ध गराउँछ।)

(ख) पन्ध्र (१५) दिन सम्मको मौसम तथा बिषम मौसमी घटनाको पूर्वानुमान,

(ग) सात (७) दिन सम्मको मौसम तथा बिषम मौसमी घटनाको पूर्वानुमान,

(घ) तीन (३) दिनको मौसम पूर्वानुमान,

(ङ) २४ घण्टाको मौसम पूर्वानुमान,

(च) वर्षा, आँधिबेहरी, असिना, चट्याङ, रोगव्याध, डढेलो, लगायतका प्रकोपको तत्कालीन अवस्थाको जानकारी (Nowcast), र

(छ) त्रिशूली गंगा नदीको माथिल्लो जलाधार क्षेत्रमा वर्षा तथा नदीको जलसतह/बहाव निगरानीको आधारमा तल्लो तटीय क्षेत्रमा बाढीको विपद् जोखिम पूर्वानुमान, र

(ज) स्थानीय निगरानी ।

(३) उपदफा (२) को खण्ड (ख), (घ), (ङ) र (च) बमोजिम जल तथा मौसम विज्ञान विभागबाट प्राप्त हुने पूर्वानुमान प्रभावमा आधारित किसिमको हुन सक्नेछ ।

(४) उपदफा (२) को खण्ड (छ) बमोजिमको पूर्वसूचना जिल्ला प्रशासन कार्यालय मार्फत वा सोझै चीनको गिरोङ्ग/न्यालम काउण्टीबाट समेत प्राप्त हुन सक्नेछ ।

८. <u>पूर्वानुमान विश्लेषण तथा सुझाव, निर्देशन तयारीः</u> (१) दफा ७ को उपदफा (२) बमोजिम विभिन्न अवधिको

पूर्वानुमान प्राप्त भएपछि दफा १० बमोजिमको कार्यदलले देहाय बमोजिमको समय-अवधि भित्र विश्लेषण गरी गाउँपालिका अन्तर्गतका समुदायमा जिउधन, निजी तथा सार्वजनिक सम्पत्ति र आधारभुत तथा अत्यावश्यक सेवा क्षेत्रमा पर्नसक्ने प्रभावको आँकलन गर्नुपर्नेछ । साथै सम्भावित विपद्को क्षति र प्रभाव कम गर्न व्यक्ति, परिवार, समुदाय तथा संघसंस्थाले अपनाउनु पर्ने सावधानी, तयारी र अग्रीम प्रतिकार्यका बारेमा कार्यदलले सुझाव (advi sory), निर्देशन तयार गर्नुपर्नेछ ।

(क) आगामी ऋतुको परिदृष्य प्राप्त भएमा वा एक महिनाको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएको चार दिन भित्र ।

(ख) १५ दिनसम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएको दुई दिन भित्र ।

(ग) सात दिनसम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएको २४ घण्टा भित्र ।

(घ) तीन दिनसम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएको पाँच घण्टा भित्र ।

(ङ) २४ घण्टासम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भाएको एक घण्टा भित्र ।

(च) दफा ७ को उपदफा (२) को खण्ड (च), (छ) र (ज) बमोजिमको पूर्वानुमान वा चेतावनी प्राप्त भएपछि तत्कालै वा हरसंभव छिटो ।

(२) अन्य प्रकोपको हकमा उपलब्ध अवसर समयको आधारमा कार्यदलले यस दफाको मार्गदर्शनमा रही उपयुक्त समय-अवधि भित्र विश्लेषण गरी परिमार्जित पूर्वानुमान तथा सुझाव, निर्देशन तयार गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पूर्वानुमान तथा निर्देशन तयार गर्दा देहायका विषयमा आधारित रही गर्नुपर्नेछः-

(क) प्रकोपले असर गर्ने सक्ने भौगोलिक क्षेत्र, समुदाय र जनसंख्या,

(ख) क्षति हुन सक्ने निजी तथा सार्वजनिक सम्पत्ति, उद्योग र भौतिक पूर्वाधार,

(ग) क्षति हुन सक्ने खेतिबालि, पशुपक्षी,

(घ) प्रभावित हुन सक्ने खानेपानी, खाद्यान्न, औषधि, शिक्षा, स्वास्थ्य, उद्योग तथा कलकारखाना सञ्चालन, यातायात,

बजार, सञ्चार, आधारभुत तथा अत्यावश्यक सेवा,

(ङ) सम्भावित समग्र प्रभावको स्तरः- सामान्य, मध्यम र उच्च

(च) पूर्वानुमानको अवधि, नमिल्न सक्ने सम्भावना र अन्य आवश्यक विषय ।

**नोटः-** पूर्वानुमान र निर्देशन स्थानीय समुदायले बुझ्ने भाषा र लवजमा बनाउनुपर्छ । विभिन्न प्रकारको अपाङ्गता भएकाहरूको लागि उनीहरूले बुझ्न सक्ने भाषा, सङ्केतमा समेत पूर्वानुमान र सुझाव, निर्देशन तयार गर्नुपर्नेछ ।

९. **पूर्वानुमान तथा सुझाव, निर्देशन सम्प्रेषणः** (१) दफा ८ बमोजिम तयार गरिएको सुझाव, निर्देशन सहितको पूर्वानुमानलाई तत्कालै आपत्कालीन कार्यसञ्चालन केन्द्र वा सम्बन्धित शाखाबाट दफा ६ (अनुसूची — २) बमोजिमको पूर्वसूचना सञ्चार संयन्त्र मार्फत विपद् जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय, उद्योग व्यवसाय साथै सम्बन्धित सरकारी निकाय र सरोकारवाला संघसंस्थालाई संप्रेषण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संप्रेषण गरिने पूर्वसूचना सकभर छिटो र प्रभावकारी सञ्चार माध्यमबाट सञ्चार

गर्नुपर्नेछ । साथै, विभिन्न प्रकारको अपाङ्गता भएकाहरूले समेत समयमै सहजै सूचना प्राप्त गर्न सक्ने विधि र माध्यम समेत अपनाउनुपर्नेछ ।

(३) पूर्वानुमानमा जोखिम समूहको सहज र प्रभावकारी पहुँच निश्चित गर्न गाउँपालिकाको सामाजिक सुरक्षा तथा महिला विकास शाखाले आवश्यक पहल गर्नुपर्नेछ ।

**१०. <u>कार्यदलको गठनः</u>** (१) गाउँपालिकामा प्रकोप तथा विपद् जोखिम निगरानीको समन्वय गर्न, पूर्वानुमानको विश्लेषण गर्न तथा सम्भावित प्रभाव आँकलन गर्न विपद् व्यवस्थापन सम्पर्क अधिकारी/आपत्कालीन कार्यसञ्चालन केन्द्रको प्रमुखको संयोजकत्वमा गाउँपालिकाका सम्बन्धित विषयका शाखाको कर्मचारी, विषय विज्ञ व्यक्ति रहेको देहाय बमोजिमको कार्यदल रहने छ ।

(क) विपद् सम्पर्क अधिकारी/आपत्कालीन कार्य सञ्चालन केन्द्र प्रमुख - संयोजक

(ख) स्वास्थ्य शाखा - सदस्य

(ग) कृषि शाखा - सदस्य

(घ) सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा - सदस्य

(ङ) पशुसेवा शाखा - सदस्य

(च) सूचना प्रविधि शाखा - सदस्य

(छ) अन्य आवश्यक व्यक्ति - सदस्य ।

(२) उपदफा (१) बमोजिमको कार्यदलमा संयोजकले आवश्यकता अनुसार सम्बन्धित विषयमा विज्ञ व्यक्तिलाई समावेश गर्न सक्नेछ ।

(३) संयोजकले तत्काल उपलब्ध कार्यदलका सदस्यको सहयोगमा दफा ७ बमोजिम प्राप्त पूर्वानुमानको विश्लेषण गरी गाउँपालिका क्षेत्रमा जनधनको सुरक्षाका साथै समुदायमा स्वास्थ्य, खाद्यान्न, खानेपानी, यातायात, आवास, शिक्षा, यातायात, सञ्चार लगायतका आधारभुत तथा अत्यावश्यक सेवा सुविधामा पर्नसक्ने असर/प्रभावको लेखाजोखा गर्नेछ र स्थानीय परिवेश बमोजिमको पूर्वानुमान तथा सुझाव, निर्देशन तयार गर्नेछ ।

(४) उपदफा (३) बमोजिम पूर्वानुमानको विश्लेषण तथा सम्भावित विपद् प्रभावको आँकलन गर्न आवश्यकता अनुसार तत्काल सम्बन्धित विषयको संघीय सरकारको निकाय, संघसंस्था वा विज्ञ व्यक्तिको सहयोग लिन सक्नेछ।

(५) संयोजकले आवश्यकता अनुसार कार्यदललाई क्रियाशिल बनाउनेछ । कार्यदललाई प्रभावकारी र

परिणाममुखी बनाउन प्रमुख प्रशासकीय अधिकृत तथा गाउँपालिका अध्यक्ष/उपाध्यक्षले सहयोग गर्नुपर्नेछ साथै आवश्यक परेमा कार्यदलको नेतृत्व गर्नुपर्नेछ ।

(६) कार्यदलको अन्य जिम्मेवारी अनुसूची — ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद- ३
## पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रीम प्रतिकार्य

**११. <u>पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रीम प्रतिकार्य योजना</u>**: (१) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्दा वा अद्यावधिक गर्दा गाउँपालिकाको समग्र विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग तालमेल हुने गरी पूर्वानुमान गर्न सम्भव हुने प्रकोपको लागि पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रीम प्रतिकार्य योजना तर्जुमा गर्नुपर्नेछ । पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रीम प्रतिकार्य क्रियाकलापलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उपयुक्त परिच्छेद (परिच्छेद ३.२) मा राख्नुपर्नेछ । छुट्टै योजना तयार गरी अलग्गै लागु गर्नु, गराउनु हुँदैन ।

(२) गाउँपालिकामा विभिन्न किसिमका मौसमजन्य प्रकोप तथा बाढीको पूर्वसूचनाको आधारमा गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्य देहाय बमोजिम हुनेछ ।

(क) दफा ७ बमोजिमको वर्षाको पूर्वानुमान र दफा ८ बमोजिम आँकलन गरिएको सम्भावित प्रभावको आधारमा,

(ख) नदीको माथिल्लो जलाधारमा परेको वर्षा तथा नदीको जलसतहको निगरानीबाट प्राप्त पूर्वसूचनाको आधारमा र

(ग) गाउँपालिका क्षेत्रमा पहिरो, वर्षा, भल वा बाढीको निगरानीका आधारमा ।

(३) अन्य प्रकोपको हकमा समेत उपदफा (२) मा उल्लेख भए जस्तै सम्बन्धित प्रकोपको प्रकृति, सम्भावित असर र अवसर समयको उपलब्धताका आधारमा पूर्वसूचनाको आधारमा गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्य योजना तर्जुमा गर्नुपर्नेछ ।

**१२. <u>ऋतुगत परिदृष्यका आधारमा गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यः</u>** (१) ऋतुगत परिदृष्य प्राप्त भएपछि गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यका क्रियाकलाप देहाय बमोजिम रहेका छन् ।

(क) मनसुन परिदृष्य अनुसार गाउँपालिका क्षेत्रमा पर्न सक्ने सम्भावित प्रभावको विश्लेषण गरी स्थानीय परिदृष्य सहितको पूर्वसूचना तयार गर्ने,

(ख) विपद् जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय, उद्योग व्यवसाय साथै सम्बन्धित सरकारी निकाय र सरोकारवाला संघसंस्थालाई स्थानीय मनसुन परिदृष्यको पूर्वसूचना र निर्देशन संप्रेषण गर्ने,

(ग) गाउँपालिकाको पूर्वसूचना तथा सञ्चार संयन्त्र अद्यावधिक गर्ने,

(घ) स्थानीय निगरानी प्रणालीलाई सक्रिय बनाउने,

(ङ) जल तथा मौसम विज्ञान विभाग, जिल्ला प्रशासन कार्यालय, अन्य स्थानीय तह लगायतका निकायसँग समन्वय गर्ने,

(च) गाउँपालिका विपद् व्यवस्थापन समितिको बैठक गरी पूर्वानुमान बमोजिम आवश्यक

विपद् पूर्वतयारी भए नभएको समिक्षा र अपुग तयारी पुरा गर्ने विषयमा छलफल गर्ने,

(छ) विभिन्न स्तरको विपद् जोखिममा (उच्च, मध्यम र सामान्य जोखिम) रहेका समुदाय तथा घरधुरी, पशुपक्षीको तथ्याङ्क अध्यावधिक गर्ने,

(ज) बालबालिका, विभिन्न प्रकारको अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा, सामाजिक हिसाबले सिमान्तकृत लगायतको तथ्याङ्क विवरण अद्यावधिक गर्ने

(झ) बालबालिका, विभिन्न प्रकारको अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा, सामाजिक हिसाबले सिमान्तकृतलाई उपयुक्त माध्यमबाट पूर्वानुमान तथा सुझाव, निर्देशन उपलब्ध गराउने,

(ञ) बाढी, पहिरोको उच्च जोखिममा रहेका बस्ती, घरधुरी आ-आफ्नो प्रयाशमा सुरक्षित ठाउँमा सर्न अनुरोध गर्ने,

(ट) पूर्वकार्यका लागि कृषि, खानेपानी, शिक्षा, स्वास्थ्य, उद्योग व्यवसाय, बजार, सञ्चार, विद्युत, यातायात, सुरक्षा निकाय, दुरसञ्चार, पत्रकार लगायतका विषयक्षेत्रका सरोकारवालासँग समन्वय गर्ने,

(ठ) सुरक्षित स्थान, आश्रयभवनहरूको विवरण अद्यावधिक गर्ने साथै अपुग स्थान पूर्ति गर्न थप स्थानको पहिचान र निर्धारण गर्ने, गराउने,

(ड) आश्रयस्थलमा खानेपानी, शौचालय, विद्युत, सुरक्षा लगायतका आधारभुत आवश्यक सेवा सुविधाको व्यवस्था गर्ने,

(ढ) पशु चौपायाका लागि सुरक्षित आश्रय स्थलको पहिचान तथा बन्दोबस्ति गर्ने,

(ण) जोखिममा रहेका समुदाय धनमाल, निजी तथा सार्वजनिक भौतिक संरचनाको सुरक्षा तथा आधारभुत सेवा सुचारु गर्न जोखिम

न्यूनीकरण, उद्धार तथा राहतका लागि आवश्यक बन्दोबस्ति पुरा गर्ने,

(त) परिदृष्यका आधारमा कार्यदल/विषयक्षेत्रगत समुह/क्लष्टरहरूको योजना अद्यावधिक गर्ने,

(थ) समुदायमा तथा गाउँपालिका स्तरमा परिदृष्यमा आधारित कृत्रिम/नमुना घटना अभ्यास गर्ने,

(द) आर्थिक तथा प्राविधिक हिसावले संभव हुने र तत्काल गर्न सकिने तटबन्ध लगायतका उपाय गरी जोखिम न्यूनीकरण गर्ने, गराउने,

(ध) पूर्वानुमानका साथै तोकिएको समयअवधिमा पालना गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्यका बारेमा समुदाय तथा सरोकारवालालाई सचेतना कार्यक्रम सञ्चालन गर्ने,

(न) गाउँपालिकामा कार्यरत साझेदार संघसंस्थासँग समन्वय गरी उनीहरूले उपलब्ध गराउन सक्ने विभिन्न किसिमको सहयोग र परिमाण यकिन गर्ने साथै अनुदानको लिखित सम्झौता/प्रतिवद्धता गर्ने,

(ऩ) पूर्वानुमानमा आधारित अग्रीम प्रतिकार्य तथा आपत्कालीन प्रतिकार्य गर्न आवश्यक बस्तु तथा सेवा खरिद गर्न व्यापारी तथा सेवा प्रदायकसँग अनुबन्ध करार गर्ने,

(प) आवश्यक बजेटको व्यवस्था गर्ने साथै बिमा, सामाजिक सुरक्षा प्रणाली लगायतका रणनीति लागु गर्ने, गराउने, र

(फ) अन्य आवश्यक काम गर्ने ।

(२) पूर्वतयारी तथा प्रतिकार्य योजनामा उपदफा (१) मा उल्लिखित क्रियाकलाप सम्पन्न गर्ने समय-अवधि, कामको

परिमाण तथा गुणस्तर, स्थान, जिम्मेवार अधिकारी, आवश्यक बजेट लगायतका विवरण समावेश गर्नुपर्नेछ ।

१३. **पन्ध्र दिनको पूर्वानुमानका आधारमा गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यः** (१) पन्ध्र दिनसम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएपछि गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यका क्रियाकलाप देहाय बमोजिम रहेका छन् ।

(क) पूर्वानुमानको विश्लेषण गरी सम्भावित प्रभाव आँकलन गर्ने र स्थानीय परिवेश अनुसार पूर्वानुमानलाई परिमार्जन गर्ने,

(ख) विपद् जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय, उद्योग व्यवसाय साथै सम्बन्धित सरकारी निकाय र सरोकारवाला संघसंस्थालाई सुझाव सहितको परिमार्जित पूर्वानुमान सम्प्रेषण गर्ने,

(ग) बालबालिका, वृद्धवृद्धा, सामाजिक हिसाबले सिमान्तकृत, विभिन्न प्रकारको अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त माध्यमबाट पूर्वानुमान उपलब्ध गराउने,

(घ) त्रास फैलिन नदिन साथै पूर्वानुमानमा अन्तरनिहित अनिश्चितता (False alarm) को बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने,

(ङ) गाउँपालिका विपद् व्यवस्थापन समिति, गाउँकार्यपालिका वा ऐन बमोजिम तोकिएका अधिकारीको बैठक गरी पूर्वानुमान बमोजिम आवश्यक विपद् पूर्वतयारी भए नभएको समिक्षा र अपुग तयारी पुरा गर्ने विषयमा छलफल गर्ने,

(च) सुरक्षित स्थान, सुरक्षित स्थानमा जाने मार्ग र साधन तथा आश्रयस्थलमा चाहिने आवश्यक सामग्री र सेवा सुविधाको बन्दोबस्ति सहित अस्थायी आश्रयस्थल तयार गर्ने,

(छ) बाढी पहिरोको उच्च जोखिममा रहेका बस्ती, घरधुरी आ-आफ्नो प्रयाशमा सुरक्षित ठाउँमा सर्न अनुरोध गर्ने,

(ज) बालबालिका, अपाङ्गता भएका, वृद्धवृद्धा, गर्भवती, सुत्केरी लगायतका जोखिम

समूहका व्यक्तिलाई सुरक्षित ठाउँमा राख्न लगाउने,

(झ) उच्च र मध्यम जोखिममा रहेका घरधुरीले अवस्था हेरी जोखिममा रहेका धनमाललाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने,

(ञ) पूर्वानुमानको समयअवधिमा पालना गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्यका बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने, गराउने,

(ट) गाउँपालिकामा कार्यरत साझेदार संघसंस्थासँग समन्वय गरी उनीहरूले उपलब्ध गराउने सक्ने सहयोग तयारी अवस्थामा राख्न अनुरोध गर्ने,

(ठ) विपद् प्रतिकार्यका लागि आवश्यक बस्तु तथा सेवा खरिद गर्न अनुबन्ध करार गरिएका व्यापारी तथा सेवा प्रदायकलाई आवश्यक बन्दोबस्ति गर्न सूचना गर्ने, र

(ड) अन्य आवश्यक कार्य गर्ने ।

(२) पूर्वतयारी तथा प्रतिकार्य योजनामा उपदफा (१) मा उल्लिखित क्रियाकलाप सम्पन्न गर्ने समय-अवधि, कामको परिमाण तथा गुणस्तर, स्थान, जिम्मेवार अधिकारी, आवश्यक बजेट लगायतका विवरण समावेश गर्नुपर्नेछ ।

१४. **<u>सात दिनको पूर्वानुमानका आधारमा गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यः</u>** (१) सात दिनसम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएपछि गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यका क्रियाकलाप देहाय बमोजिम रहेका छन् ।

(क) पूर्वानुमानको विश्लेषण गरी सम्भावित प्रभाव आँकलन गर्ने र स्थानीय परिवेश अनुसार पूर्वानुमानलाई परिमार्जन गर्ने,

(ख) विपद् जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय, उद्योग व्यवसाय साथै सम्बन्धित सरकारी निकाय र सरोकारवाला संघसंस्थालाई सुझाव सहितको परिमार्जित पूर्वानुमान सम्प्रेषण गर्ने,

(ग) बालबालिका, वृद्धवृद्धा, सामाजिक हिसाबले सिमान्तकृत, विभिन्न प्रकारको

अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त माध्यमबाट पूर्वानुमान उपलब्ध गराउने,

(घ) त्रास फैलिन नदिन साथै पूर्वानुमानमा अन्तरनिहित अनिश्चितता (False alarm) आगामी दिनमा जारि गरिने अद्यावधिक सूचनाको बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने,

(ङ) प्रकोपको स्थानीय निगरानीलाई थप सक्रिय बनाउने,

(च) स्थानीय निगरानीबाट प्राप्त सूचना अनुसार आवश्यक जोखिम कम गर्ने र जोखिममा रहेका समुदायलाई सुरक्षित स्थानमा सर्न लगाउने,

(छ) अद्यावधिक पूर्वानुमानको लागि जल तथा मौसम विज्ञान विभाग, जिल्ला प्रशासन कार्यालय लगायतका निकायसँग समन्वय गर्ने,

(ज) गाउँपालिकाको विपद् व्यवस्थापन समिति, गाउँकार्यपालिका वा ऐन बमोजिम तोकिएका अधिकारीको बैठक

गरी पूर्वानुमान बमोजिम आवश्यक विपद् पूर्वतयारी भए नभएको समिक्षा र अपुग तयारी पुरा गर्ने विषयमा छलफल गर्ने,

(झ) सुरक्षित आश्रयस्थल, सुरक्षित स्थानमा जाने मार्ग र साधन तथा आश्रयस्थलमा चाहिने आवश्यक सामग्री र सेवा सुविधाको बन्दोबस्ति सहित अस्थायी आश्रयस्थल तयार गर्ने,

(ञ) अवस्था हेरी जोखिममा रहेका कागजात, पशुपक्षी, अन्नपात, मेशिनऔजार लगायतका धनमाललाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने,

(ट) भारि वर्षा, पहिरो, आँधिबेहरी, असिना तथा भलबाढीबाट क्षति हुन सक्ने बालिनालि स्याहार्न सकिने अवस्थामा भए स्याहार्न किसानलाई अनुरोध गर्ने,

(ठ) पूर्वानुमानको समयअवधिमा पालना गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्यका बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने, गराउने,

(ड) वडा, सामुदायिक विपद् व्यवस्थापन समिति तथा सम्बन्धित संघसंस्थाले सुरक्षित स्थान, सुरक्षित स्थानमा जाने मार्ग र साधन तथा आश्रयस्थलमा चाहिने आवश्यक सामग्री र सेवा सुविधाको बन्दोबस्ति गर्ने,

(ढ) गाउँपालिकामा कार्यरत साझेदार संघसंस्थासँग समन्वय गरी उनीहरूले उपलब्ध गराउने सक्ने सहयोग तयारी अवस्थामा राख्न अनुरोध गर्ने,

(ण) विपद् प्रतिकार्यका लागि आवश्यक बस्तु तथा सेवा खरिद गर्न अनुबन्ध करार गरिएका व्यापारी तथा सेवा प्रदायकलाई आवश्यक बन्दोबस्ति गर्न सूचना गर्ने,

(त) विपद्को बेला बिजुली र टेलिफोन नेटवर्क हुन नसक्ने हुँदा सोलार बत्ति, चार्जर, टर्च, रिचार्ज कार्ड जस्ता सामग्रीको जोहो गर्न लगाउने र

(थ) अन्य आवश्यक कार्य गर्ने ।

(२) पूर्वतयारी तथा प्रतिकार्य योजनामा उपदफा (१) मा उल्लिखित क्रियाकलाप सम्पन्न गर्ने समय-अवधि, कामको परिमाण तथा गुणस्तर, स्थान, जिम्मेवार अधिकारी, आवश्यक बजेट लगायतका विवरण समावेश गर्नुपर्नेछ ।

**१५. <u>तीन दिनको पूर्वानुमानका आधारमा गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यः</u>** (१) तीन दिनसम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएपछि गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यका क्रियाकलाप देहाय बमोजिम रहेका छन् ।

(क) पूर्वानुमानको विश्लेषण गरी सम्भावित प्रभाव आँकलन गर्ने र स्थानीय परिवेश अनुसार पूर्वानुमानलाई परिमार्जन गर्ने,

(ख) विपद् जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय, उद्योग व्यवसाय साथै सम्बन्धित सरकारी निकाय र सरोकारवाला संघसंस्थालाई सुझाव सहितको परिमार्जित पूर्वानुमान सम्प्रेषण गर्ने,

(ग) बालबालिका, वृद्धवृद्धा, सामाजिक हिसाबले सिमान्तकृत, विभिन्न प्रकारको

अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त माध्यमबाट पूर्वानुमान उपलब्ध गराउने,

(घ) त्रास फैलिन नदिन साथै आगामी दिनमा जारि गरिने अद्यावधिक सूचनाको बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने,

(ङ) प्रकोपको स्थानीय निगरानीलाई थप सक्रिय बनाउने,

(च) अद्यावधिक पूर्वानुमानको लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटमा हेर्ने वा फोन गरी जानकारी लिने, रसुवा जिल्ला प्रशासन कार्यालय लगायतका निकायसँग समन्वय गर्ने,

(छ) गाउँपालिका विपद् व्यवस्थापन समिति, गाउँकार्यपालिका वा तोकिएका अधिकारीको बैठक गरी पूर्वानुमान बमोजिम आवश्यक विपद् पूर्वकार्य गर्ने विषयमा छलफल गर्ने,

(ज) सबै विषयक्षेत्र (क्लष्टर), वडा तथा सामुदायिक विपद् व्यवस्थापन समितिलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने,

(झ) पहिरोको उच्च जोखिममा रहेका समुदायलाई सुरक्षित ठाउँमा सर्न निर्देशन दिने,

(ञ) त्रिशूली गंगा नदी तथा यसका सहायक बाढीको उच्च जोखिम क्षेत्रमा रहेका बिरामी, अपाङ्गता भएका, वृद्धवृद्धा, महिना पुगेका गर्भवती महिला, बालबालिकालाई सुरक्षित स्थानमा सार्न अनुरोध गर्ने,

(ट) अवस्था हेरी पहिरोको मध्यम तथा सामान्य जोखिममा रहेका क्षेत्रबाट कागजात, पशुपक्षी, अन्नपात, मेशिनऔजार लगायतका धनमाललाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने,

(ठ) भारि वर्षा, आँधिबेहरी, असिना, भलबाढीबाट क्षति हुन सक्ने बालिनालि प्रकोप आउनु अगावै स्याहार्न सकिने

अवस्थामा भए स्याहार्न किसानलाई निर्देशन दिने,

(ड) पूर्वानुमानको समयअवधिमा पालना गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्यका बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने, गराउने,

(ढ) वडा, सामुदायिक विपद् व्यवस्थापन समिति तथा सम्बन्धित संघसंस्थाले सुरक्षित स्थान, सुरक्षित स्थानमा जाने मार्ग र साधन तथा आश्रयस्थलमा चाहिने आवश्यक सामग्री र सेवा सुविधाको बन्दोबस्ति सहित अस्थायी आश्रयस्थल तयार गर्ने,

(ण) गाउँपालिकामा कार्यरत साझेदार संघसंस्थासँग समन्वय गरी उनीहरूले उपलब्ध गराउने सक्ने सहयोग गाउँपालिका वा तोकिएको सामुदायिक विपद् व्यवस्थापन समितिलाई हस्तान्तरण गर्न अनुरोध गर्ने,

(त) विपद् प्रतिकार्यका लागि आवश्यक बस्तु तथा सेवा खरिद गर्न अनुबन्ध करार गरिएका व्यापारी तथा सेवा प्रदायकलाई चाहिएको बखतमा तत्काल आपूर्ति गर्ने गरी आवश्यक बन्दोबस्ति गर्न सूचना गर्ने,

(थ) विपद्को बेला बिजुली र टेलिफोन नेटवर्क हुन नसक्ने हुँदा सोलार बत्ती, चार्जर, टर्च, रिचार्ज कार्ड जस्ता सामग्रीको जोहो गर्न लगाउने,

(द) जिल्ला प्रशासन कार्यालय, रसुवा एवं सुरक्षा निकायसँग समन्वय गरी सम्भावित खोज तथा उद्धार साथै सुरक्षा कायम गर्न आवश्यक पर्ने सहायताबारे जानकारी गराउने र

(ध) अन्य आवश्यक कार्य गर्ने ।

(२) पूर्वतयारी तथा प्रतिकार्य योजनामा उपदफा (१) मा उल्लिखित क्रियाकलाप सम्पन्न गर्ने समय-अवधि, कामको परिमाण तथा गुणस्तर, स्थान, जिम्मेवार अधिकारी, आवश्यक बजेट लगायतका विवरण समावेश गर्नुपर्नेछ ।

१६. **<u>चौबिस घण्टाको पूर्वानुमानका आधारमा गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यः</u>** (१) चौबिस घण्टासम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएपछि गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यका क्रियाकलाप देहाय बमोजिम रहेका छन् ।

(क) पूर्वानुमानको यथासिघ्र विश्लेषण गरी सम्भावित प्रभाव आँकलन गर्ने र स्थानीय परिवेश अनुसार पूर्वानुमानलाई परिमार्जन गर्ने,

(ख) विपद् जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय, उद्योग व्यवसाय साथै सम्बन्धित सरकारी निकाय र सरोकारवाला संघसंस्थालाई सुझाव सहितको परिमार्जित पूर्वानुमान सम्प्रेषण गर्ने,

(ग) बालबालिका, वृद्धवृद्धा, सामाजिक हिसाबले सिमान्तकृत, विभिन्न प्रकारको अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त माध्यमबाट पूर्वानुमान उपलब्ध गराउने,

(घ) त्रास फैलिन नदिन साथै समय-समयमा दिइने अद्यावधिक सूचनाको बारेमा

समुदाय तथा सरोकारवालालाई माइकिङ लगायतका उपयुक्त माध्यमबाट सचेत गर्ने,

(ङ) प्रकोपको स्थानीय निगरानीलाई थप सक्रिय बनाउने,

(च) अद्यावधिक पूर्वानुमानको लागि जल तथा मौसम विज्ञान विभाग, रसुवा जिल्ला प्रशासन कार्यालय लगायतका निकायसँग समन्वय गर्ने,

(छ) गाउँपालिका विपद् व्यवस्थापन समिति, गाउँकार्यपालिका वा ऐन बमोजिम तोकिएका अधिकारीको बैठक गरी पूर्वानुमान बमोजिम आवश्यक विपद् पूर्वकार्य तथा प्रतिकार्य गर्ने विषयमा छलफल गर्ने,

(ज) सबै विषयक्षेत्र (क्लष्टर) सक्रिय बनाउने,

(झ) पहिरोको जोखिम क्षेत्रमा रहेका समुदायलाई सुरक्षित स्थानमा सर्न निर्देशन दिने र आवश्यक व्यवस्था मिलाउने,

(ञ) भारि वर्षा, आँधिबेहरी, असिना, भलबाढीबाट क्षति हुन सक्ने बालिनालि प्रकोप आउनु अगावै स्याहार्न सकिने अवस्थामा भए स्याहार्न किसानलाई निर्देशन दिने,

(ट) पूर्वानुमानको समयअवधिमा पालना गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्यका बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने, गराउने,

(ठ) वडा, सामुदायिक विपद् व्यवस्थापन समिति तथा सम्बन्धित संघसंस्थाले सुरक्षित स्थान, सुरक्षित स्थानमा जाने मार्ग र साधन तथा आश्रयस्थलमा चाहिने आवश्यक सामग्री र सेवा सुविधाको बन्दोबस्ति सहित अस्थायी आश्रयस्थल तयार गर्ने,

(ड) वडा तथा सामुदायिक विपद् व्यवस्थापन समिति समेत परिचालन गरी जोखिममा रहेका समुदाय तथा तिनका धनमाल सुरक्षित स्थानमा/आश्रयस्थलमा सार्ने,

(ढ) प्रकोपको जोखिम भएका क्षेत्रमा यातायत, आवतजावत बन्द गर्ने,

(ण) गाउँपालिकामा कार्यरत साझेदार संघसंस्थासँग समन्वय गरी उनीहरूले उपलब्ध गराउने सक्ने सहयोग (हस्तान्तरण गर्न बाँकि भए) गाउँपालिका वा तोकिएको सामुदायिक विपद् व्यवस्थापन समितिलाई हस्तान्तरण गर्न अनुरोध गर्ने,

(त) आश्रयस्थलमा सरेका जनसंख्या र आवश्यकताको आधारमा खाद्यान्न तथा अन्य आवश्यक बस्तु तथा सेवा खरिद गरी आवश्यक बन्दोबस्ति गर्ने,

(थ) अस्थायी आश्रयस्थलमा आधारभुत सेवा सुविधा र सुरक्षाको व्यवस्था गर्ने, गराउने,

(द) जिल्ला प्रशासन कार्यालय एवं सुरक्षा निकायसँग समन्वय गरी सम्भावित खोज तथा उद्धार साथै आश्रयस्थल र जोखिम क्षेत्रका समुदायको घर, टोल छिमेकमा

सुरक्षा कायम गर्न आवश्यक पर्ने सहायता परिचालन गराउने र

(ध) अन्य आवश्यक कार्य गर्ने ।

(२) पूर्वतयारी तथा प्रतिकार्य योजनामा उपदफा (१) मा उल्लिखित क्रियाकलाप सम्पन्न गर्ने समय-अवधि, कामको परिमाण तथा गुणस्तर, स्थान, जिम्मेवार अधिकारी, आवश्यक बजेट लगायतका विवरण समावेश गर्नुपर्नेछ ।

१७. **बाढीको तत्कालीन अनुमान (now cast) र चेतावनीको आधारमा गरिने प्रतिकार्यः** (१) गाउँपालिका क्षेत्रमा वा गाउँपालिका भएर बग्ने त्रिशूली गंगा नदीको स्थानीय जलाधार क्षेत्रमा जलउत्पन्न प्रकोप गराउन सक्ने परिमाणको भारि वर्षा भएमा (एक घण्टामा ६० मिलिमिटर, तीन घण्टामा ८० मिलिमिटर, छ घण्टामा १०० मिलिमिटर, १२ घण्टामा १२० मिलिमिटर, २४ घण्टामा १४० मिलिमिटर) वा, मैलुङ्ग खोला वा गोगानेको त्रिशूली गंगा नदीको जलसतह चेतावनी तह पार गरेको खबर तत्काल प्राप्त भएमा देहाय बमोजिम अग्रीम विपद् प्रतिकार्य गर्नुपर्नेछ ।

(क) बाढीको जोखिम क्षेत्रमा रहेका समुदायमा माइकिङ गर्ने, पूर्वनिर्धारित सङ्केत बमोजिम साइरन, सिट्ठी बजाएर बाढीको उच्च जोखिममा रहेका सबै समुदायलाई तत्काल सुरक्षित स्थानमा सर्ने निर्देशन दिने,

(ख) बाढीको मध्यम जोखिममा रहेका समुदायमा जोखिम समूहमा रहेका व्यक्ति (अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका, सुत्केरी, महिना पुगेका गर्भवती आदि) र तिनका धनमाल तत्काल सुरक्षित स्थानमा सार्न निर्देशन दिने,

(ग) प्रकोपको स्थानीय निगरानीलाई थप सक्रिय बनाउने,

(घ) प्रकोपको जोखिम भएका क्षेत्रमा आवतजावत बन्द गर्ने,

(ङ) आश्रयस्थलमा आवश्यक आधारभुत सेवा सुविधा सञ्चालन गर्ने,

(च) जिल्ला प्रशासन कार्यालय एवं सुरक्षा निकायसँग समन्वय गरी आश्रयस्थल र जोखिम क्षेत्रका समुदायको घर, टोल छिमेकमा सुरक्षा कायम गर्न सहायता परिचालन गराउने र

(छ) जनताको जिउधन सुरक्षा गर्न तत्काल आवश्यक देखिएको अन्य कार्य गर्ने ।

(२) मैलुङ्ग खोला वा गोगानेको त्रिशूली गंगा नदीको जलसतह चेतावनी तह पार भएको खबर आएमा देहाय बमोजिम गरिनेछ ।

(क) त्रिशूली गंगा नदीको किनारमा रहेका मानिसहरू, मेशिन औजार र बाढी जोखिम क्षेत्रमा रहेका बासिन्दालाई अन्यत्र सार्ने र

(ख) जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने ।

नोटः त्रिशूली गंगा नदीको बाढीले असर गर्न सक्ने किनारा तथा जोखिम क्षेत्रको निर्क्योल तत्कालीन अवस्थाको विचार गरी सुरक्षा निकायसँगको समन्वयमा तय गर्न सकिनेछ ।

१८. **<u>अवसर समय कम हुने प्रकोपको पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रीम प्रतिकार्यः</u>** (१) स्थानीय निगरानी तथा गाउँपालिका क्षेत्रमा आँधिबेहरी, असिना, चट्याङ, डढेलो, आगलागी लगायतका प्रकोप हुने पूर्वानुमान तथा तत्कालीन अवस्थाको जानकारी (Nowcast) को आधारमा देहाय बमोजिम पूर्वकार्य गर्नुपर्नेछ ।

(क) जोखिम क्षेत्रमा रहेका समुदायमा माइकिङ गरी, पूर्वनिर्धारित सङ्केत बमोजिम जोखिममा समुदायलाई सुरक्षित स्थानमा जान, रहन निर्देशन दिने,

(ख) दमकल तथा उपयुक्त मेशिनऔजार तयारी अवस्थामा राख्ने, परिचालन गर्ने

(ग) प्रकोपको जोखिममा रहेका समुदायमा जोखिम समूहमा रहेका व्यक्ति (अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका, सुत्केरी, महिना पुगेका गर्भवती आदि) र तिनका धनमाललई सुरक्षित स्थानमा सार्ने,

(घ) डढेलो लागेमा थप फैलिन नदिन अग्निरेखा सफा गर्ने,

(ङ) सुरक्षा निकायसँग समन्वय र परिचालन गरी आगलागीको जोखिममा रहेका सबै घरधुरी र तिनका सार्न मिल्ने सबै धनमाल सुरक्षित स्थानमा सार्ने,

(च) प्रकोपको स्थानीय निगरानीलाई थप सक्रिय बनाउने,

(छ) जनताको जिउधन सुरक्षा गर्न तत्काल आवश्यक देखिएको अन्य कार्य गर्ने ।

**१९. <u>खडेरी, सङ्क्रामक रोगको महामारी लगायतका प्रकोपको पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रीम प्रतिकार्यः</u>** (१) खडेरी, सङ्क्रामक रोग, पशुपक्षीमा लाग्ने रोगको महामारी, खेतिबालिमा लाग्ने रोग किरा लगायतका प्रकोपको पूर्वतयारी र अग्रीम प्रतिकार्य प्रकोपको प्रकृति अनुसार प्राप्त हुन सक्ने पूर्वानुमान र उपलब्ध अवसर समयका आधारमा कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजना तयार गर्दा देहाय बमोजिमका पूर्वतयारी तथा अग्रीम प्रतिकार्यका क्रियाकलाप समावेश गर्नुपर्नेछ ।

(क) पूर्वानुमानको यथासिघ्र विश्लेषण गरी सम्भावित प्रभाव आँकलन गर्ने र स्थानीय परिवेश अनुसार पूर्वानुमानलाई परिमार्जन गर्ने,

(ख) सम्बन्धित प्रकोपको विपद् जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय, उद्योग व्यवसाय साथै सम्बन्धित सरकारी निकाय र सरोकारवाला संघसंस्थालाई सुझाव सहितको परिमार्जित पूर्वानुमान सम्प्रेषण गर्ने,

(ग) प्रकोपको स्थानीय निगरानीलाई थप सक्रिय बनाउने,

(घ) संघ र प्रदेश सरकारका सम्बन्धित विषयका निकायसँग समन्वय गर्ने,

(ङ) विषयक्षेत्र (क्लष्टर) सक्रिय बनाउने,

(च) पूर्वानुमानको समयअवधिमा पालना गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्यका बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने, गराउने र

(छ) गाउँपालिकामा कार्यरत साझेदार संघसंस्थासँग समन्वय गरी स्रोतसाधन परिचालन गर्ने ।

## परिच्छेद — ४

## विविध

२०. **बिमा सम्बन्धी व्यवस्थाः** (१) खोज तथा उद्धार कार्यमा प्रकोपको प्रकृति अनुसार सम्बन्धित विषयमा तालिम प्राप्त दक्ष जनशक्ति परिचालन गर्नुपर्नेछ ।

(२) सम्बन्धित निकाय वा संघसंस्थाले खोज, उद्धार तथा राहतमा परिचालन हुने जनशक्ति, मेशिन औजार तथा सामग्रीहरूको दुर्घटना बिमा गर्नु, गराउनु पर्नेछ ।

२१. **सामुदायिक विपद् व्यवस्थापन समितिको भूमिकाः** (१) सामुदायिक विपद् व्यवस्थापन समितिले यस कार्यविधि बमोजिम गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनासँग तालमेल हुने गरी पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रीम प्रतिकार्य योजना तयार गरी लागु गर्नुपर्नेछ ।

(२) सामुदायिक विपद् व्यवस्थापन समितिले देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) समुदायमा बाढी, पहिरोको लगायतका प्रकोपको उच्च जोखिम, मध्यम जोखिम तथा सामान्य जोखिममा रहेका घरधुरी र जनसंख्याको पहिचान गर्न सहयोग गर्ने,

(ख) समुदायको लागि सुरक्षित आश्रयस्थल तथा आश्रय भवन, खानेपानी, शौचालय र अन्य आधारभुत सेवा सुविधाको व्यवस्था गर्ने साथै त्यहाँ जाने पहुँच मार्गको पहिचान तथा तयार गर्ने,

(ग) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक क्षमता तथा अपुग क्षमताको लेखाजोखा गर्ने,

(घ) समुदायलाई आवश्यक पर्ने पूर्वसूचना संयन्त्र तयार गर्ने साथै सूचना संप्रेषण गर्न फोन, साइरन, माइक, सिट्ठी लगायतका उपकरणको व्यवस्था गर्ने,

(ङ) समुदायलाई आवश्यक उद्धार तथा राहत सामग्रीको बन्दोबस्ती गर्ने,

(च) समुदायमा स्वयंसेवकहरूलाई विपद् व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने,

(छ) पूर्वानुमानमा आधारित विपद् पूर्वकार्यको नमुना अभ्यास गर्ने,

(ज) गाउँपालिकाको निर्देशन बमोजिम पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गर्ने र

(झ) समुदायमा विपद्को जोखिम तथा प्रभाव कम गर्न अन्य कार्यहरू गर्ने ।

२२. **अभिलेख व्यवस्थापन र प्रतिवेदन** (१) आपत्कालीन कार्यसञ्चालन केन्द्रले पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रीम प्रतिकार्य अन्तर्गत भए गरेका कामको दैनिकरूपमा शिलशिलेवाररूपमा अभिलेख राख्नुपर्नेछ ।

(२) पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रीम प्रतिकार्यको अवधिमा आपत्कालीन कार्यसञ्चालन केन्द्र प्रमुख/विपद् सम्पर्क अधिकारीले साप्ताहिकरूपमा वा सो भन्दा अगावै गाउँपालिका अध्यक्ष/विपद् व्यवस्थापन समितिका अध्यक्षलाई प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) सामान्य अवस्थामा त्रैमासिक/चौमासिकरूपमा गाउँपालिका अध्यक्ष/विपद् व्यवस्थापन समितिका अध्यक्षलाई प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(४) अभिलेख व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी अन्य काम, कर्तव्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) आपत्कालीन कार्यसञ्चालन केन्द्रले त्रैमासिक/चौमासिक प्रतिवेदन गाउँपालिकाको वेभसाइटमा अपलोड गर्नुपर्नेछ ।

**२३. <u>अनुगमन तथा मूल्याङ्कनः</u>** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्दा पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रीम प्रतिकार्यको समेत अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ । अनुगमन तथा मूल्याङ्कन विधि र प्रक्रिया विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए बमोजिम हुनेछ ।

**२४. <u>प्रचलित कानून बमोजिम हुनेः</u>** (१) यस कार्यविधिमा उल्लेख भएका विषय यसै कार्यविधि बमोजिम र यसमा उल्लेख नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य भई प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची — १

## (दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## १. सूचकमा आधारित बाढीको जोखिममा रहेका घरधुरीको वर्गीकरण

उत्तरगया गाउँपालिकामा उच्च, मध्यम तथा सामान्य जोखिम वर्गीकरण सम्बन्धी सूचकहरू निम्न बमोजिम रहेका छन् ।

उच्च जोखिमः- भौगर्भिक अध्ययनमा वर्ग तीनमा परेका । हाल घरबास माथि, तल वा दायाँबायाँ सम्मुखमा पहिरो वा खहरे रहेको । पहिरो, भल वा ढुङ्गा खसेर घरबास क्षति गर्न सक्ने देखिएको ।

मध्यम जोखिमः- भौगर्भिक अध्ययनमा वर्ग दुईमा परेका । हाल पहिरो, भल वा ढुङ्गा खसेर घरबास, गोठ क्षति गर्न सक्ने अवस्था भएको ।

सामान्य जोखिमः- भौगर्भिक अध्ययनमा वर्ग एक मा परेका । हाल पहिरो, भल र खहरे बाढी, ढुङ्गा

खसेर घरबास क्षति गर्न सक्ने अवस्था नदेखिएको ।

## २. प्रकोप(पहिरो)को जोखिममा रहेका घरधुरीको विवरण फाराम

| वडा नं. | पहिरोको जोखिममा रहेको घरधुरी संख्या | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | उच्च जोखिम | मध्यम जोखिम | सामान्य जोखिम | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| जम्मा | | | | | |

| वडा नं. | प्रकोप(पहिरो)को जोखिममा रहेको पशुपक्षीको संख्या | जम्मा |
|---|---|---|

| | **उच्च जोखिम** | **मध्यम जोखिम** | **सामान्य जोखिम** | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| जम्मा | | | | |

| **सुरक्षित आश्रयस्थल आवश्यक पर्न सक्ने विवरण** | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. | जोखिममा रहेका समुदायको संख्या | जोखिममा रहेका परिवार संख्या | सुरक्षित आश्रय चाहिने परिवार | अपाङ्गता भएका | बालबालिका (०-९ वर्ष) | वृद्धवृद्धा (७०+ वर्ष) |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| | जम्मा | | | | | |


| गाउँपालिकामा मानिसको लागि पहिचान गरिएका सुरक्षित आश्रयस्थलको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा नं. | सुरक्षित स्थल संख्या | अनुमानित क्षेत्रफल (वर्ग मीटर) | अनुमानित अट्ने क्षमता जनसंख्या | सुरक्षित आश्रय चाहिने (जनसंख्या = परिवार*४.५) | | अग्रीम राहत सहायता चाहिने | |
| | | | | परिवार | जनसंख्या | परिवार | जनसंख्या |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| जम्मा | | | | | | | |

सुरक्षित आश्रयस्थलको विस्तृत विवरण आपत्कालीन कार्यसञ्चालन केन्द्रमा उपलब्ध हुनेछ ।

## अनुसूची — २

**दफा ६ र दफा ९ को उपदफा (१) सँग सम्बन्धित**

## उत्तरगया गाउँपालिकाको पूर्वानुमान सूचना सञ्चार संयन्त्र





**<u>नोटः</u>-** मौसम तथा जलजन्य प्रकोप झैं अन्य प्रकोपको पूर्वानुमान उपलब्ध भएमा सम्बन्धित प्रकोपको निगरानी गर्ने निकायबाट आपत्कालीन कार्यसञ्चालन केन्द्रमा प्राप्त गरिनेछ । प्राप्त पूर्वानुमानलाई दफा १० बमोजिमको कार्यदलले विश्लेषण गरी प्रकोपले गाउँपालिकामा गर्न सक्ने असर तथा सम्भावित विपद् जोखिमको आँकलन गर्नेछ साथै जोखिम कम गर्न व्यक्ति, परिवार, समुदाय तथा संघसंस्थाले अपनाउनु पर्ने सावधानी, तयारी र अग्रीम प्रतिकार्यका बारेमा सुझाव तयार गर्नेछ । उक्त सुझाव समावेश गरी तत्काल पूर्वानुमान सूचना संप्रेषण गरिनेछ ।

## गाउँपालिकामा सूचना संप्रेषण माध्यम र औजार

- स्थानीय रेडियो

- ग्रुप एसएमएस
- माइकिङ
- फोन, मोवाइल फोन
- सुरक्षा निकायको वाकिटकी
- गाउँपालिकाको वेभपेज
- सामाजिक सञ्जाल
- व्यक्तिले मौखिक रूपमा भनेर वा सङ्केत गरेर

**समुदायिक विपद् व्यवस्थापन समितिमा पूर्वसूचना संप्रेषण संयन्त्र**




# अनुसूची – ३

**(दफा १० को उपदफा (५) सँग सम्बन्धित)**

## कार्यदलको काम, कर्तव्य

१. जल तथा मौसम विज्ञान विभागबाट प्राप्त नियमित मौसम पूर्वानुमान, समय-समयमा जारि हुने विषम मौसम तथा यसको प्रभाव सम्बन्धी पूर्वानुमान र चट्याङ, आँधीहुरी, असिना, बाढी, पहिरो, खडेरी लगायतका प्रकोपको बारेमा पूर्वानुमान तथा अन्य सूचना प्राप्त गर्ने ।

२. अन्य विभागबाट प्राप्त हुने आगलागी, रोगब्याधी, पशुपक्षी तथा खेतिबालिमा हुन सक्ने रोगकिराको प्रकोप लगाउतका प्रकोपसम्बन्धी जानकारी प्राप्त गर्ने ।

३. समुदाय तथा गाउँपालिकाको विभिन्न भौगोलिक क्षेत्रमा बाढी, पहिरो, रोगव्याधी, सडक दुर्घटना, आगलागी लगायतका प्रकोपको समय-समयमा अनुगमन, नियमित निगरानी र सो को आधारमा जोखिम पूर्वानुमान तथा सूचना संप्रेषणको समन्वय र सहयोग गर्ने ।

४. जल तथा मौसम विज्ञान विभाग, अन्य विभाग तथा निकाय, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र गाउँपालिकाको विभिन्न समुदाय तथा भौगोलिक क्षेत्रमा अनुगमन गरी प्राप्त हुने सूचनाको विश्लेषण गरी समुदाय तथा विभिन्न विषयक्षेत्रमा पर्न सक्ने असर/प्रभावको आँकलन गर्ने । संभावित असर/प्रभाव कम गर्न तथा

बचावटका लागि अपनाउनुपर्ने उपायहरूको बारेमा सुझाव, निर्देशन तयार गर्ने ।

५. सम्बन्धित निकाय, समुदाय र सरोकारवालाहरूले अपनाउनु पर्ने सावधानी तथा अन्य पूर्वतयारी सम्बन्धी सुझाव र निर्देशन सहितको जानकारी, सूचना गाउँपालिकाको सबै शाखा, वडा, समुदाय स्तरका कार्यदल, सरकारी, निजी तथा गैरसरकारी लगायतका संघसंस्था, निकाय साथै सम्बन्धित समुदाय र जोखिम समूहका व्यक्ति समेतलाई समयमै संप्रेषण गर्ने ।

६. गाउँपालिका, वडा तथा समुदाय स्तरमा प्रकोपको अनुगमन, निगरानीका साथै विपद् जोखिम पूर्वानुमान तथा सूचना संप्रेषण संयन्त्र तयार गर्न र परिचालन गर्न आवश्यक नेतृत्व र सहयोग गर्ने ।

७. गाउँपालिका, वडा तथा समुदाय स्तरमा प्रकोपको अनुगमन, निगरानीका साथै विपद् जोखिम पूर्वानुमान तथा सूचना संप्रेषण सम्बन्धी अध्ययन, तालिम, घटना अभ्यास गर्ने, गराउने ।

८. गाउँपालिका/स्थानीय विपद् व्यवस्थापन समिति र गाउँपालिकाले अनुरोध गरेका यस विषयक्षेत्र सम्बन्धी अन्य कार्यहरू गर्ने ।

<u>आज्ञाले</u>

<u>दिपक प्रसाद अधिकारी</u>

<u>प्रमुख प्रशासकीय अधिकृत</u>